नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल

## नं.१३ गण हे.क्वा.पर्सा

### पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।१२।०८ गते ।**

१. सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हे.क्वा. पर्सामा अवस्थित रहेका तपशिल बमोजिमका विभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | पुराना जिन्सी मालसामानहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्रयोगमा ल्याईसकेका पुराना जिन्सी सामानहरु | २४४७७.७७।- | १०००।- | |

२. सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हे.क्वा. पर्साबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०७८।१२।१४ गते) को कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फारम ८ औं दिन (मिति २०७८।१२।१५ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हे.क्वा. पर्सामा दर्ता गराई सक्नु पर्नेछ ।

३. यस गणमा दर्ता हुन आएका बोलपत्र फारमहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फारम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हे.क्वा. पर्साको कार्यालय कोड नं. ३१४०५२२०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, बीरगंज पर्साको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय बीरगंजको धरौटी खाता नं. १२५०१००१०२०३०००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ ।

६. उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ९८५१२७२१३२ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।